म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ११९ २०८० चैत ६ गते मंगलबार 19 March 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔँ । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौँ ।

डिभिजन वन कार्यालय, मकवानपुर

### सुन तस्कर प्रकरण

# माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा पक्राउ



*नेकपा माओवादी केन्द्रका उपाध्यक्ष महरालाई पक्राउ गर्दै प्रहरी ।*

काठमाडौंः नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा पक्राउ परेका छन् । महरालाई सोमबार कपिलवस्तुबाट पक्राउ गरेको प्रहरी महानिरीक्षक (आईजीपी) बसन्त कुँवरले जानकारी दिए । सुन तस्करी सम्बन्धी छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले महरालाई मुद्दा चलाउन सिफारिस गरेको थियो । सोही अनुसार कारबाही गर्न गृह मन्त्रालयले प्रहरीलाई निर्देशन दिएको थियो ।

यसअघि महरासँग आयोगले बयान समेत लिएको थियो । उनका छोरा राहुल महरा विद्युतीय चुरोट (भेप) मार्फत भएको सुन तस्करी प्रकरणमा पुर्पक्षका लागि थुनामा छन् । महरालाई रुपन्देहीको भैरहवास्थित गौतम बुद्ध विमानस्थलबाट काठमाडौं ल्याइएको छ । उनलाई बिहान १० बजेर २७ मिनेटमा एती एयरलाइन्सको उडान नम्बर वाईटी-८९२ बाट काठमाडौं ल्याइएको छ ।

महरालाई ४ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । सुन प्रकरणमा अनुसन्धानका लागि उनलाई ४ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको प्रहरी स्रोतले बतायो । पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको सुन समितिले मुद्दा चलाउन सिफारिस गरेपछि महरा सोमबार बिहान कपिलवस्तुबाट पक्राउ परेका हुन् । भेपमार्फत सुन तस्करीमा संलग्न चिनियाँ नागरिक दावाजिन वाङसँग महराको निकट सम्बन्ध देखिएको थियो ।

प्रहरीले पक्राउ गरेका महरा थापाथलीस्थित नर्भिक अस्पताल भर्ना भएका छन् । महरा बिरामी रहेकाले अस्पताल भर्ना गराउनू भनेर जिल्ला अदालत काठमाडौंले पनि आदेश दिएकाले महरालाई नर्भिक अस्पतालमा भर्ना गरिएको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का एसपी तथा प्रवक्ता होविन्द्र बोगटीले बताए । *स्रोतः अनलाइनखबर ।*

### महेन्द्र माविको प्रधानाध्यापकमा सिग्देल

# मावि तहमा पालिकाकै पहिलो प्रधानाध्यापक

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-४ स्थित महेन्द्र माविको प्रधानाध्यापकमा देवकी सिग्देल नियुक्त हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिको सोमबार बसेको बैठकले निमावि तहकी शिक्षक सिग्देललाई प्रधानाध्यापक नियुक्त गर्ने निर्णय गरेको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम गौतमले स्थायी शिक्षक मध्ये वरिष्ठ तहको शिक्षकको रुपमा रहनुभएकी सिग्देललाई प्रधानाध्यापकको जिम्मेवारी दिने निर्णय गरिएको जानकारी दिनुभयो ।

सिग्देल बकैया गाउँपालिकाकै मावि तहको पहिलो महिला प्रधानाध्यापक समेत बन्नुभएको छ । यसअघिका प्रधानाध्यापक दुर्गा पराजुली सरुवा हुनुभएपछि प्रधानाध्यापक पद रिक्त रहेको थियो । यसअघि अंग्रेजी माध्यमको संयोजक शिक्षकको रुपमा रहनुभएकी सिग्देलले प्रधानाध्यापकको रुपमा विद्यालयमा प्रणाली स्थापित गर्ने गरी काम गर्ने योजना रहेको बताउनुभएको छ ।

निजी विद्यालयमा पनि पढाएको अनुभव रहेको उल्लेख गर्नुहुँदै सिग्देलले भन्नुभयो, "प्रधानाध्यापक भएपछि पहिलो प्राथमिकता विद्यालयमा प्रणाली स्थापित गर्नु हुनेछ । विद्यालयमा प्रणाली स्थापित गर्न सक्यौं भने जो प्रधानाध्यापक भए



पनि विद्यालयमा गुणस्तरीय शिक्षा प्राप्त हुने सुनिश्चित हुन्छ । मेरो प्राथमिकता विद्यालयलाई प्रणालीमा स्थापित गर्नुहुनेछ ।" अंग्रेजी माध्यम संयोजकको रुपमा काम गर्ने क्रममा प्रशासकीय भूमिका पनि नियाल्न पाएको उहाँको भनाइ छ । अहिलेसम्मको भूमिकामा सकारात्मक प्रतिक्रिया पाएकोले प्रधानाध्यापकको जिम्मेवारी पनि राम्रोसँग पूरा गर्ने सिग्देल विश्वास व्यक्त गर्नुहुन्छ ।

विद्यार्थीको पढाइको स्तर खस्केको र शिक्षाको स्तर सुधार गर्न अभिभावक शिक्षामा जोड दिने उहाँले बताउनुभएको छ । पालिकाका विद्यालय मध्ये राम्रो शिक्षकको टिम रहेको विद्यालयको रुपमा महेन्द्र मावि रहेको दावी गर्नुहुँदै सिग्देलले विद्यालयका ३७ जना शिक्षक मध्ये अधिकांश युवा शिक्षक रहनुभएकोले सबैको साथ र सहयोगमा राम्रो गर्ने अवसर रहेको बताउनुभयो । विद्यालयप्रति समुदायको चासो कम हुनु आफ्ना लागि चुनौतिको विषय भएको उहाँको भनाइ छ ।

२०६४ सालमा हेटौंडा-६, चौघडास्थित बंशगोपाल माविबाट एसएलसी उत्तीर्ण गर्नुभएकी सिग्देलले हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टबाट कक्षा १२, बंशगोपाल बहुमुखी क्याम्पसबाट स्नातक र हेटौंडा क्याम्पसबाट २०७९ मा स्नात्तकोत्तर तह उत्तीर्ण गर्नुभएको छ । २०६७ सालदेखि ७२ कात्तिकसम्म हेटौंडा-६, चौघडास्थित सुनगाभा शिक्षा निकेतनबाट शिक्षण सेवा गर्नुभएकी सिग्देलले २०७२ मंसिरदेखि २०७४ जेठसम्म हेटौंडा-५ स्थित जिएस निकेतनमा शिक्षण गर्नुभयो । सिग्देलले २०७४ साल असार २३ गतेदेखि बारा जिल्लाको आदर्श कोटुवाल गाउँपालिका-१ स्थित श्रीरामचरित्र माविबाट निमावि तहको स्थायी शिक्षकको सेवा सुरु गर्नुभएको थियो ।

सिग्देल २०७५ साल पुस ५ गतेदेखि महेन्द्र माविमा सरुवा भएर आउनुभएको हो । १२ कक्षासम्म पठनपाठन हुने महेन्द्र माविमा इलेक्ट्रिकल इन्जिनियरिङ (९-१२) पनि सञ्चालनमा रहेको छ । विद्यालयमा सात सय ८० विद्यार्थी अध्ययनरत छन् ।

# रास्वपा मकवानपुरद्वारा सुझाव संकलन




समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले पार्टीबाट सरकारमा सहभागी चार जना मन्त्रीहरुलाई जनताको सुझाव संकलन सुरु गरेको छ । सोमबार हेटौंडाको बुद्धचोकमा दुई दिनका लागि जनताहरुको सुझाव संकलन गर्न सुरु गरेको पार्टी मकवानपुरका संगठन विभाग प्रमुख विशालराज महतले बताउनुभयो ।

पार्टीका सभापतिसमेत रहनुभएका नेपाल सरकारका उपप्रधान एवम् गृहमन्त्री रवि लामिछाने, शिक्षामन्त्री सुमना श्रेष्ठ, युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र श्रम तथा सामाजिक सुरक्षामन्त्री डीपी अर्यालका लागि छुट्टाछुट्दै पुस्तिकामा सुझाव संकलन गरिएको हो । जसमा सबैभन्दा बढी गृहमन्त्रीका लागि सुझाव संकलन भएको बताइएको छ ।

गृह मन्त्रालयको सुझावपत्रमा सहकारी ठगीहरुलाई पक्राउ गर्न, ट्राफिक प्रहरी चेकिङको समस्या र विभिन्न लघुवित्तका समस्याबारे सुझावहरु जनताले राखेका छन् । यस्तै, शिक्षामन्त्री श्रेष्ठका लागि विपन्न लक्षित छात्रवृत्तिसहितको निःशुल्क शिक्षा, विदेश पलायन हुनुपर्ने शिक्षा नीति परिवर्तन गर्नुपर्ने र पाठ्यक्रम परिमार्जन गर्नुपर्ने सुझावहरु राखेका छन् । खेलकुदमन्त्री श्रेष्ठका लागि खेलकुदमा राजनीतिक नियुक्तिलाई बन्द गरी विज्ञको आधारमा हुनुपर्ने, प्रतियोगिता मात्रै भन्दा पनि एकेडेमी बनाएर खेलाडी उत्पादन गर्नुपर्ने र खेलकुद क्षेत्रमा भएको अनियमितताको अन्त्य गर्नुपर्ने सुझाव राखेका छन् ।

श्रममन्त्री अर्यालका लागि श्रमिकहरुको पारिश्रमिक निर्धारण, श्रमिकहरुले तलब नपाइरहेको अवस्थालाई अन्त्य गर्नुपर्ने र युवाहरु विदेशिनुपर्ने बाध्यतालाई हटाउन आवश्यक नीति बनाउन सुझाव राखेका छन् । सुझाव मंगलबारसम्म लिने संगठन विभाग प्रमुख महतले बताउनुभएको छ । सुझावहरु संकलन गरेर सबै मन्त्रीहरुसमक्ष पुऱ्याउने उहाँले बताउनुभयो ।

कार्यक्रममा रास्वपाबाट जनताले धेरै कुराको अपेक्षा गरेको पाइएको उहाँले बताउनुभयो । यसअघि रास्वपा सरकारमा हुँदा छोटो समयमै राम्रा कामको सुरुवात गरेकोमा जनताले त्यसको प्रशंसा गरेको र अब जनताको समस्या हल गर्ने काम गर्न आग्रह गरेको उहाँले बताउनुभयो । यसअघि रास्वपा मकवानपुरले पार्टी सरकारमा नहुँदा सबै सांसदहरु घरघरमा पुगेर जनताको सुझाव संकलन गरेको थियो ।

सुझाव संकलन कार्यक्रममा नगर ज्याट प्रमुख दामोदर दाहाल, सूचना तथा सञ्चार विभाग प्रमुख रामविक्रम थापा, मकवानपुर क्षेत्र नम्बर २ का सभापति सञ्जीव पाठक, सचिव किशोर अर्याल, नगर सभापति ध्रुव विष्टलगायतको उपस्थिति रहेको थियो ।

**फ्ल्याट भाडामा चाहियो तु सम्पर्क गर्नुहोस् ।**

हेटौंडा-५ पुष्पलालपार्क नजिकै सुबिधा सम्पन्न फ्ल्याट (गाडी पार्किङसहित ३ वटा बेडरुम, एउटा बैठक कोठा, अट्याच बाथरुम) खाली रहेकोले आवश्यक व्यक्तिले तु सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.
९८४५४८८३४४

**हार्दिक बधाई**



मकवानपुर जिल्ला खेलकुद विकास समितिको अध्यक्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गरी २० लाख ५० हजार रुपैयाँ बराबरको अक्षयकोष स्थापना गर्नुहुने आदरणीय **वेश खड्का** दाजुलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि खेल क्षेत्रको विकासमा निरन्तर सक्रियताको शुभकामना व्यक्त गर्दछु ।

हरी भुजेल, कार्यसमिति सदस्य
**मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमिति**
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# परीक्षाप्रति गम्भीर बनौं

देश संघीयतामा गएपछि देशमा तीन तहको सरकार छन्: संघ, प्रदेश र स्थानीय तह । स्थानीय तहलाई जनताको घरदैलोको सरकार भनेर पनि चिन्ने गरिन्छ । संविधानले स्थानीय तहलाई धेरै अधिकार पनि दिएको छ । स्थानीय तहले पाएका धेरै अधिकारमध्ये माध्यमिक तहसम्मको शिक्षाको अधिकार पनि एउटा हो । संविधानले व्यवस्था गरेअनुरुप स्थानीय तहले आफ्नो क्षेत्रका कक्षा १२ सम्म अध्ययन हुने शिक्षण संस्था र उक्त तहसम्मको शैक्षिक व्यवस्थापनका सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्नेछ । आधारभूत र माध्यमिक गरी मुख्य दुई तहमा विभाजन गरिएको हाम्रो शिक्षा प्रणाली र शैक्षिक व्यवस्थापनको पाटो समयसमयमा आलोचित बन्ने गरेको छ । आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको सबै व्यवस्थापनको जिम्मा अहिले स्थानीय तहलाई छ । स्थानीय तहहरुले आ-आफ्नो अनुकूलताअनुसार उक्त परीक्षा सञ्चालन र नतिजा प्रकाशनसमेतको काम गर्दै आएका छन् ।

यस वर्षको आधारभूत तह उत्तीर्ण परीक्षा हेटौंडा उपमहानगरपालिका क्षेत्रमा आइतबारबाट सुरु भएको छ । हेटौंडासँगै मकवानपुरका अन्य केही स्थानीय तहहरुले पनि आइतबारबाटै परीक्षा सुरु गरेका छन् । हेटौंडा उपमहानगरपालिकाको कक्षा ८ को परीक्षाको पहिलो दिनको प्रश्नपत्रमा केही त्रुटी पाइएको छ । त्यो भन्दा पनि रोचकचाहिँ हेटौंडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिका दुबैको प्रश्नपत्र एउटै रहेको छ । प्रश्नपत्र एउटै हुनु त्यति अनौठो नभए पनि मकवानपुरगढीले प्रयोग गरेको प्रश्नपत्रमा हेटौंडा उपमहानगरपालिका उल्लेख हुनुले धेरैलाई अचम्मित बनाएको छ । हेटौंडा उपमहानगरपालिकाले प्रश्नपत्रको सबैभन्दा माथि आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा २०८० लेखेर त्यसभन्दा तल हेटौंडा उपमहानगरपालिका लेखिएको छ । आइतबारको अनिवार्य गणित विषयको सोही प्रश्नपत्रलाई मकवानपुरगढी गाउँपालिकाले छाप्दा भने आधारभूत तह उत्तीर्ण परीक्षाको ठाउँमा मकवानपुरगढी गाउँपालिका बनाएर छापेको छ । प्रश्नपत्रको बाँकी सबै हेटौंडा र गढीको एउटै छ ।

परीक्षा आफैं एउटा प्राविधिक र संवेदनशील विषय हो । परीक्षा सञ्चालन गर्ने कुरा जति सजिलो देखिन्छ, त्यति नै गाह्रो छ । तोकिएको विधिविधान र मूल्यमान्यता अनुसार परीक्षा सञ्चालन गर्न सजिलो छैन । परीक्षा सञ्चालन भनेको विद्यार्थीलाई परीक्षा हलमा राखेर परीक्षा लिनुमात्र होइन । परीक्षाको समयतालिका निर्धारण गर्ने, तोकिएको ग्रिड र पाठ्यक्रमको मर्मबमोजिम स्तरीय प्रश्नपत्र निर्माण गर्ने, प्रश्नपत्रको गोप्यता कायम राख्ने, परीक्षालाई मर्यादित र अनुशासित बनाउने, विद्यार्थीले लेखेको उत्तरपुस्तिकालाई प्रभावकारी परीक्षणको व्यवस्था गर्ने र वस्तुनिष्ठ ढंगबाट नतिजा तयार पारी सार्वजनिक गर्ने काम परीक्षा व्यवस्थापनभित्र पर्दछन् । परीक्षासम्बन्धी यी सबै काम गर्दा त्रुटीरहित बनाउनु अति आवश्यक छ । अझ प्रश्नपत्रमा त्रुटि हुनु भनेको कयौं विद्यार्थीको भविष्य अन्यौलमा पर्नु हो । प्रश्नपत्रमा सामान्य त्रुटी हुँदासमेत विद्यार्थी अलमलमा परेर उत्तर लेख्न नसकी अनुत्तीर्ण हुने गर्दछन् भने गम्भीर त्रुटी हुँदा त्यसले परीक्षाको औचित्य र विश्वसनियतामाथि नै गम्भीर प्रश्नचिह्न खडा हुने गर्दछ ।

स्थानीय तहले कक्षा ८ को परीक्षा सञ्चालन गर्ने भएपछि पालिकाभित्रका विद्यालयका विषयगत शिक्षकबाट स्तरीय प्रश्नपत्र निर्माण गराई छनोट गरेर परीक्षा लिन सकिने अवस्था सबैतिर छ । यति हुँदाहुँदै अर्को पालिकाको प्रश्नपत्र, त्यो पनि शीर्षकमै गल्ती छापेर परीक्षा लिनुलाई पालिकाको शिक्षा शाखाको जिम्मेवार अधिकारीको चरम लापरबाही मान्नुपर्छ । आफैं प्रश्नपत्र निर्माण नगरी परीक्षा चलाउनेले परीक्षाको अन्य प्रक्रिया सही ढंगले गर्लान् भन्ने विश्वास गर्न गाह्रो हुनसक्छ । यसले स्थानीय तहले लिने परीक्षाको स्तरीयता र विश्वसनियतामाथि आशंका बढाउने सम्भावना देखिएको छ । सबै स्थानीय तहले आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षालाई त्रुटीरहित बनाएर सञ्चालन गर्नुपर्छ । परीक्षाको मर्यादा, विश्वसनियता कायम गर्दै विद्यार्थीको शैक्षिक भविष्य बिग्रन नदिन पालिका नेतृत्व गम्भीर बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : दौडधुप र परिश्रम गर्नुपर्ने समय योग छ ।
- **वृष** : निर्णय क्षमताका काममा आँच आउने समय छ ।
- **मिथुन** : स्वास्थ्यस्थितिका विषयमा असजिलो होला ।
- **कर्कट** : रोकिएका कामहरु अगाडि बढ्ने समय योग छ ।
- **सिंह** : आय र जागिरमा प्रशंसा बढ्ने समय योग छ ।
- **कन्या** : रोकिएका कामहरु अगाडि बढ्ने समय योग छ ।
- **तुला** : अस्त्र-शस्त्रबाट बच्दा बचाउँदा राम्रो रहने योग छ ।
- **वृश्चिक** : रचनात्मक काममा सरिक भइने समय छ ।
- **धनु** : प्रतिस्पर्धी उपर विजय प्राप्त हुने समय छ ।
- **मकर** : प्रतिस्पर्धाका काममा सरिक भइने समय छ ।
- **कुम्भ** : बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुने समय छ ।
- **मीन** : साझेदारी कामबाट लाभ प्राप्त हुने समय छ ।

# मिटरब्याजी तथा सहकारी पीडितले कहिले पाउँछन् न्याय ?

**यसरी हजारौं बचतकर्ताको बचत रकमबाट सीमित पुँजीपतिले बैंकिङ प्रणालीबाट ऋण लिने र तिनैले ठूला-ठूला परियोजनामा कमिसन, कर छली र श्रमिकको चरम शोषण गर्ने गरेको र नेपालका सहकारीले सामूहिकताको सैद्धान्तिक मान्यतालाई तिलाञ्जली दिएर निश्चित व्यक्तिको स्वार्थ तथा फाइदाका लागि सहकारी संस्थाको रकम प्रयोग गरिरहेका छन्, जुन जघन्य आर्थिक अपराध हो ।**



✍नारायण पौडेल




खासगरी नेपालको मधेस प्रदेशमा गरिबहरू ऋणमै जन्मन्छन्, ऋणमै हुर्कन्छन् र ऋणमै मर्छन् भन्ने कथन छ। फलस्वरूप गरिबीका कारण दैनिक गुजारा चलाउन, बिरामी पर्दा उपचार गर्न, सन्तानको शिक्षादीक्षा, घरव्यवहार सञ्चालन गर्नसमेतका लागि मिटरब्याजमा साहूहरूबाट ऋण लिनुबाहेक उनीहरूसँग अन्य विकल्प नहुँदो रहेछ। त्यस्तै विवाह, व्रतबन्ध, पास्नी, काजक्रियामा लाग्ने खर्च, वैदेशिक रोजगारीमा जान, अरूको ऋण तिर्न, कृषिजन्य मलबीउ तथा औषधि खरिद गर्न, घर निर्माण तथा मर्मत गर्न, दाइजो दिनलगायत दैनिक आवश्यकता पूरा गर्न साहूहरूबाट ऋण लिनुपर्ने बाध्यता उनीहरूले भोगिरहेका छन् ।

अर्कातर्फ बैंक, वित्तीय संस्था, सहकारी, लघुवित्तजस्ता निकायले ऋण दिने भए पनि भाका नाघ्नेबित्तिकै जग्गा लिलाम गरिदिने कार्यले उनीहरूमा ऋणको बोझ थपिँदो छ । मिटरब्याजीसरह लघुवित्तले पनि ब्याजलाई साँवा बनाउने, समयमा ऋण फिर्ता नगरे भएका पशुपन्छी, जायजेथा जे भेटिन्छ, त्यही असुल गर्ने र धम्क्याउन थालेपछि धेरै विपन्न परिवार गाउँ नै छोड्न बाध्य भएका छन्। भ्रष्ट, बिचौलिया, दलालदेखि राजनीतिक नेतृत्वसम्म सहकारीका बचतकर्ताको रकम हिनामिनामा संलग्न छन् । फलस्वरूप सबै किसिमका वित्तीय शोषणबाट विपन्न, श्रमजीवी र उत्पीडित समुदाय नै सबैभन्दा धेरै पीडित भएका छन् ।

यसरी हजारौं गरिब, किसान तथा मजदुर जाली ऋण र मिटरब्याजको चक्रव्यूहमा फसेको पाइन्छ । कमजोर आर्थिक अवस्था भएका वर्ग र समुदायलाई उच्च ब्याजदरमा ऋण दिने, किर्ते कागज बनाएर ठगी गर्ने मात्रै होइन, कुटपिट र हिंसाका साथै आतंकित पार्ने काम भएका छन् । निमुखा जनतालाई झुक्याएर वा परिबन्धमा पारेर चर्को ब्याजदरमा ऋण दिने, ब्याजलाई साँवामा जोड्ने, जमिन दृष्टिबन्धक राख्ने, ऋण तिरिसक्दा पनि जमिन फिर्ता नदिने, गैरकानुनी लिखतहरूमा सहीछाप गर्न बाध्य पार्नेलगायतका शोषणबाट मिटरब्याज तथा लघुवित्त पीडित मुक्त हुन सकेका छैनन् ।

अर्कातर्फ सहकारी संस्थाले हजारौं जनताको आँसु र पसिनामाथि चरम लुट मच्चाइरहेका छन् । सैद्धान्तिक रूपमा सामूहिक स्वामित्व, सामूहिक नियन्त्रण र साझा आर्थिक-सामाजिक लक्ष्य प्राप्तिका निम्ति सामूहिक रूपमा स्थापित स्वायत्त संस्था सहकारी हुन् । सामूहिक स्वामित्व र नियन्त्रण तथा सहभागिताका माध्यमबाट मूलत: विपन्न तथा सीमान्तकृत समुदायको हित गर्छ भन्ने मान्यता सहकारीको हुन्छ । तर, सहकारीको सैद्धान्तिक मान्यतालाई खिल्ली उडाउँदै नेपालमा अधिकांश सहकारीले निश्चित सम्भ्रान्त वर्गको आर्थिक स्वार्थ पूरा गरिरहेका छन् भने हजारौं बचतकर्ताको अरबौं रकम हिनामिना भएको छ ।

त्यस्तै लघुवित्तलाई न्यून आय भएका व्यक्ति र महिलालाई सदस्य बनाएर बचत गर्ने र सामूहिक जमानीमा बिनाधितो कर्जा उपलब्ध गराउने निकायका रूपमा राज्यले मान्यता दिएकोमा लघुवित्तले न्यून आय भएका व्यक्तिको आर्थिक रूपान्तरणमा सकारात्मक प्रभाव पार्न सकिरहेको छैन । यसले त केवल दिइएको ऋणबाट कसरी धेरै नाफा वा प्रतिफल कमाउन सकिन्छ भन्ने मान्यतालाई मात्रै केन्द्रमा राखेजस्तो देखिन्छ । लघुवित्त, जसले सोझासीधा निमुखा महिलालाई ऋण लिन प्रोत्साहित गरी चरम वित्तीय शोषण गरिरहेको छ भने राज्यले गरिब, कमजोर आर्थिक अवस्था भएका र सीमान्तकृत समुदायमाथि वित्तीय अपराध गर्ने लघुवित्तलाई नै संरक्षण गरिरहेजस्तो देखिन्छ ।

यसरी मिटरब्याजी समस्याले तराई-मधेस क्षेत्र आक्रान्त बन्दा पनि यसलाई कानुनी रूपमा परिभाषित गरी कानुनी दायरामा नल्याइएको अवस्थामा प्रतिनिधिसभाबाट मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० पारित भई कानुन बनेसँगै मिटरब्याज समस्या समाधान गर्नका लागि एउटा कानुनी आधार तयार भयो । जसअन्तर्गत अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या समाधान गर्न जाँचबुझ आयोग गठन गर्नुका साथै प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरीय मिटरब्याज पीडित समन्वय तथा सहजीकरण समिति गठन गरी गत वैशाख १५ गते सार्वजनिक सूचनामार्फत मिटरब्याज पीडितलाई निवदेन पेस गर्न आग्रह गरियो ।

तर, कोही पीडितलाई साहूले डर, धाक, धम्की, लोभलालच देखाए, कोही साहूको प्रपञ्चमा फसे । फलस्वरूप केही पीडित उजुरी दिन आए, धेरै पीडित उजुरी दिन आएनन् र उजुरी दिएकाहरू पनि पछि सम्पर्कविहीन भए । सरकारले मिटरब्याज पीडितसँग २०७९ चैत १८ गते पाँचबुँदे सहमति गर्दै अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या निराकरणका लागि विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गर्‍यो । यसरी गठित आयोगले आफूले पाएको कार्यादेशअनुसार काम गर्दै जाँदा पीडितहरूलाई निवेदन दिन पटक-पटक दिइएको समय सीमाभित्र करिब २८ हजार उजुरी परे ।

मिटरब्याजको केन्द्र मानिने मधेस प्रदेशका आठ जिल्ला र पश्चिम नवलपरासीबाट समेत गरी करिब २४ हजार निवेदन परे । पीडितका तर्फबाट परेका निवेदनउपर छलफलको माध्यमबाट मेलमिलाप गर्न आयोगको सिफारिसमा गृह मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयमा सहायक प्रजिअ, सरकारी वकिल र प्रहरी अधिकृतसमेत रहेको कार्यदल गठन गरियो। त्यही कार्यदलबाट पीडित ऋणी र साहूबीच छलफल गराई दुवै पक्षको सहमतिका आधारमा मिलापत्र गराउन थालियो । फलस्वरूप साहूबाट ऋणीलाई २ सय १८ बिघा जग्गा फिर्ता भइसकेको, साहूबाट ७ अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुलउपर हुन माग गरिएकोमा १ अर्ब ७२ करोड ८६ लाख लिने-दिने भनी दुवै पक्षबीच सहमति भएको र साहूहरूले करिब ५ अर्बको दाबी छोडेको आयोगको भनाइ छ ।

तथापि पूर्वको काँकडभिट्टा र पश्चिम कञ्चनपुर गड्डाचौकीबाट गत माघ १६ गतेदेखि पैदल हिँडेर राजधानी काठमाडौं आई मिटरब्याज पीडितहरूले गरिरहेको आन्दोलन सरकारी वार्ता टोली र पीडितका प्रतिनिधिबीच भएको चारबुँदे सहमतिसँगै अहिलेलाई रोकिएको छ। उक्त सहमतिले पनि अघिल्लो आयोगले गरेका काम-कारबाहीको निरन्तरता र कार्यान्वयन गर्ने विषयलाई नै प्राथमिकता दिएजस्तो देखिन्छ ।

तर, सरकार र पीडितहरूबीच अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित मुद्दाका कारण जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानुनबमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि सिफारिस गर्ने, अनुचित लेनदेन गरी अस्वाभाविक ऋण लगानी गरेको वा शंकास्पद कागजात खडा गरी आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि सिफारिस गर्ने, मौजुदा कानुनमा संशोधन तथा प्रतिस्थापन गर्नुपर्ने विषयको पहिचान गरी मस्यौदासहित सरकारलाई प्रतिवेदन बुझाउने, शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थमन्त्रालयलाई अनुरोध गर्नेजस्ता विषयले पीडितहरूलाई थोरै भए पनि राहत पुग्ने आशा गर्न सकिन्छ ।

अनुचित लेनदेनलाई फौजदारी कसुर भनी परिभाषित गर्दै मुलुकी अपराध संहिता, २०७४ को दफा २४९क.को उपदफा(४)मा कसुर गर्ने वा गराउने व्यक्तिलाई कसुरको गम्भीरता हेरी सात वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवाना हुने तथा उपदफा(५)मा अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनका आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानुनबमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइदिनुपर्नेछ भन्ने अहिलेको कानुनी व्यवस्था भए पनि यसको कार्यान्वयन चुनौतीपूर्ण देखिँदै आएको हुँदा सरकार गम्भीर बन्नुपर्ने देखिन्छ ।

वास्तवमा मिटरब्याज पीडितको समस्या आर्थिक, सामाजिक, राजनीतिकलगायत विभिन्न रूपमा जटिल बनिरहेको छ। किनकि मिटरब्याज पीडित, सहकारी ठगी, लघुवित्तको ज्यादतीविरुद्धको आन्दोलनमा राजनीतिक पार्टी, तिनका जनवर्गीय संगठन वा नेताको कुनै सहयोग र दृढ समर्थन देखिँदैन भने सरकारले समेत पटक-पटक सम्झौता गर्ने र सम्झौताको कार्यान्वयन नगर्ने चरित्र देखाइरहेको छ । त्यस्तै नयाँ कानुन बनिसक्दा र जाँचबुझ आयोगको प्रतिवेदनअनुसार कारबाही अघि बढाउन गृह मन्त्रालयबाट निर्देशन हुँदासमेत जिल्लाका संयन्त्रहरूले पीडितको उजुरी लिन र संशोधित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन नसकेकै कारण पीडितहरूले अहिलेसम्म न्याय पाउन सकेका छैनन् ।

अर्कातर्फ संशोधित कानुनबमोजिम वडा कार्यालयहरूले लेनदेनको लिखत प्रमाणीकरण गर्दा चर्को ब्याजमा ऋण दिने व्यक्तिहरूकै प्रभावमा परी सत्यतथ्य नजाँची तमसुक प्रमाणीकरण गरिरहेको तथ्य बाहिरिएपछि पीडितहरू न्याय पाउनेमा सशंकित छन् । यसरी हजारौं बचतकर्ताको बचत रकमबाट सीमित पुँजीपतिले बैंकिङ प्रणालीबाट ऋण लिने र तिनैले ठूला-ठूला परियोजनामा कमिसन, कर छली र श्रमिकको चरम शोषण गर्ने गरेको र नेपालका सहकारीले सामूहिकताको सैद्धान्तिक मान्यतालाई तिलाञ्जली दिएर निश्चित व्यक्तिको स्वार्थ तथा फाइदाका लागि सहकारी संस्थाको रकम प्रयोग गरिरहेका छन्, जुन जघन्य आर्थिक अपराध हो ।

यस्तो अवस्थामा हजारौंको संख्यामा रहेका सहकारीपीडितको न्यायका पक्षमा सरकार दृढतापूर्वक उभिन सकिरहेको छैन । पछिल्लो राजनीतिक घटनाक्रमअनुसार सहकारी ठगीमा मुछिएका व्यक्ति नै देशको गृहमन्त्री बनेका छन्। यसरी सहकारीका नाममा सम्भ्रान्त वर्गले गरिरहेको आर्थिक अपचलन, लघुवित्त वा मिटरब्याजका नाममा गरिब किसान, मजदुर, महिला र सीमान्तकृत समुदायमाथि भइरहेको चरम आर्थिक शोषणसहितको अपराधमा पीडित जनतालाई यथाशीघ्र न्याय दिने जिम्मेवारी राज्यको भएको हुँदा यस सवालमा राज्यका संयन्त्रहरू संवेदनशील बन्नुपर्छ । *(स्रोत: कारोबारदैनिक)*

# सुनचाँदी व्यवसायी महासंघको प्रदेश सभापतिमा बज्राचार्य

समाज संवाददाता

हेटौंडाः नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेशको सभापतिमा ज्योतिरत्न बज्राचार्य चयन हुनुभएको छ। महासंघको तेश्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनले बज्राचार्यको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो ।

कार्यसमितिको उपसभापतिमा रत्नसुन्दर शाक्य र यमप्रसाद विश्वकर्मा लोहनी रहनुभएको छ । यस्तै, सचिवमा सुसन शाक्य, सह-सचिवमा प्रदिपरत्न शाक्य, कोषाध्यक्षमा रमेशबहादुर शाक्य, सह-कोषाध्यक्षमा उमेशरत्न शाक्य रहनुभएको छ । जिल्ला तथा नगर सदस्यमा टेकबहादुर विश्वकर्मा, मोतिमान शाक्य, ताराराम मुनकर्मी, वस्तुगत सदस्यमा भीमप्रसाद पाण्डे रहनुभएको छ।

नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ । शनिबार नै नयाँ कार्य समितिको चयन भएको थियो । सोमबार साधारणसभाको अवसरमा आयोजित कार्यक्रममा नवनिर्वाचित कार्य समितिलाई निर्वाचन अधिकृत अमृत लामाले सपथग्रहण गराउनुभएको हो । साधारणसभा प्रदेश सभापति जोतिरत्न बज्राचार्यको सभाध्यक्षता तथा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका संस्थापक तेजरत्न शाक्य, महासंघका सदस्य मणिरत्न शाक्यलगायत महासंघका सदस्य, व्यवसायीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सुनचाँदी व्यवसायीहरुले प्रदेश महासंघले व्यवसायीको हितका लागि काम गर्न नसकेको बताउनुभयो । व्यवसायीले सुन वितरणमा ओजियलमार्फत् हुनुपर्ने बताएका थिए । प्रदेश महासंघलाई आर्थिकरुपले सम्पन्न गर्नुपर्ने जोड दिएका थिए ।

कार्यक्रममा केन्द्रीय अध्यक्ष शाक्यले सबै प्रदेशलाई समायोजन गरेर लैजानुपर्नेमा जोड दिनुभएको थियो । आफ्नो कार्यकालमा बागमती प्रदेशमा प्रदेशस्तरीय सुनचाँदी ऐन निर्माण गर्न लागि पर्ने प्रतिबद्धता जनाउनुभयो। प्रदेश सरकारलाई बजेट समायोजन गर्न प्रदेश समितिलाई चलायमान गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। सरकारमार्फत् सुनचाँदी तालिम सञ्चालन गर्ने र सीटीइभीटीमार्फत् गहनाको डिजाइनसम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# मनहरीमा पक्की पुल शिलान्यास

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा करिब २४ करोडको लागतमा पक्की पुल निर्माण हुने भएको छ। मनहरी-५, रजैया र ९ दरदरा जोड्ने राप्ती खोलामा मोटरेबल पक्की पुल निर्माण हुनेभएको मनहरी-५ का वडा अध्यक्ष दिपेश अधिकारीले जानकारी दिनुभयो ।

सोमबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पुलको शिलान्यास गर्नुभएको हो । बागमती प्रदेशको पूर्वाधार विकास कार्यालयको २४ करोडको लगानीमा २ सय ५६ मिटर लामो पक्की पुल निर्माण हुन लागेको हो । पुल निर्माणको ठेक्का बिटीआरएस जेभी काठमाडौंले पाएको छ । कम्पनीले २०८३ साल बैशाख ४ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने अध्यक्ष अधिकारीले बताउनुभयो ।

पुल निर्माणपश्चात् वडा नम्बर ५ का एक हजार जना र ९ का ३ सय जान स्थानीयले सुविधा पाउनेछन् । यसअघि उक्त स्थानमा झोलुङ्गे पुल रहेको थियो । हिउँदमा राप्ती खोलामा ह्युमपाइप राखेर सवारी साधन आवतजावत गर्ने गर्दथ्यो भने बर्षायाममा झोलुङ्गे पुलबाट मानिसमात्र ओहोरदोहोर हुने गरेको थियो ।

पुल शिलान्यास कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, पूर्व स्वास्थमन्त्री बिरोध खतिवडा, प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, संविधानसभा सदस्य राजाराम स्याङ्तान, पूर्वाधार विकास कार्यालयका प्रमुख वीरेन्द्र चौधरी, मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामीलगायत जनप्रतिनिधि र स्थानीयको उपस्थिति रहेको थियो ।

# प्रदेशस्तरीय महिला उद्यमी प्रर्दशनीः कृषिसम्बन्धी अन्तरक्रिया कार्यक्रम

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघ महिला उद्यमी समितिको आयोजनामा हेटौंडा-२ स्थित पल्पसा सदनमा जारी प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनीमा कृषिसम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको छ । सोमबार अंकिता सुमार्गीको सभाध्यक्षमा कृषिसम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको हो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गनुहुँदै मकवानपुरगढी कृषि शाखा प्रमुख चन्द्रकान्ता चौधरीले डिजिटल क्षेत्रको विकास गरेर जनशक्ति कम भएको ठाउँमा कृषि जैविक विविधताको संरक्षण गर्न आवश्यक रहेको बताउनुभयो। कृषि क्षेत्रमा महिलाले ७० प्रतिशत योगदान दिएको बताउनुहुँदै कृषि क्षेत्रमा महिलालाई नीतिगतरुपमा अगाडि बढाउनुपर्ने बताउनुभयो ।

कृषि विकास निर्देशनालयबम अधिकृत राजन चौलागाईंले कृषि क्षेत्रको विकास गर्न प्रदेशबाट भन्दा पनि संघबाट अगाडि बढ्नुपर्ने बताउनभयो । सरकारले कृषकलाई ९० मेट्रिकटन मल वितरण गरेको बताउनुभयो । राजनीतिक तहसँग समन्वय गरेर पनि विभिन्न कामहरु गर्न सकिने उहाँले बताउनभयो । स्थानीय तह र सरकारहसँग समन्वय गरेर हाटबजार सम्बन्धी सुनिश्चतताको काम गर्नुपर्ने बताउनुभयो । सामान खरिद गरेर विक्री वितरण गर्ने सम्बन्धमा निःशुल्क विमा, निःशुल्क ढुवानीको सम्बन्धमा प्रदेशसँग समन्वय गरेर अगाडि बढ्नुपर्ने उहाँको भनाइ छ ।

# कैलाशमा निःशुल्क बन्ध्याकरण शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः कैलाश गाउँपालिकामा निःशुल्क बन्ध्याकरण हुने भएको छ । आगामी बिहीबार गाउँपालिकाको आयोजना तथा बालविकास कार्यक्रम संस्थाको प्राविधिक सहयोगमा निःशुल्क बन्ध्याकरण शिविर हुने भएको हो ।

बन्ध्याकरण शिविर कैलाश-१० स्थित भाल्टार ख्रिष्टियन चोकमा बिहान ९ बजेदेखि सुरु हुने भएको छ। शिविरमा नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाले चिकित्सकको व्यवस्था गर्ने भएको छ । शिविरबाट जन्मदर नियन्त्रण गर्नुका साथै सन्तानको रहर पुगिसकेका दम्पत्तिहरुले स्थायी बन्ध्याकरणको सुविधा लिन सक्नेछन्। यस्ता शिविरबाट जनसंख्याको व्यवस्थापनसँगै गरिबी निवारणमा पनि सहयोग पुऱ्याउने बताइएको छ ।

# कराँतेमा मकवानपुरकी स्याङ्तानलाई स्वर्ण

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको अन्तर्राष्ट्रिय एन्डोसिन नेपाल क्योकोसिन कराँते प्रतियोगितामा मकवानपुरकी सुस्मा स्याङ्तानले स्वर्ण पदक प्राप्त गरेकी छिन् । नेपाल फुल कन्ट्र्याक महासंघको आयोजनामा काठमाडौंमा शनिबार, आइतबार र सोमबार सञ्चालन भएको प्रतियोगितामा मकवानपुरबाट सहभागी स्याङ्तानले महिलातर्फ खुला तौल समूहमा स्वर्ण पदक प्राप्त गर्न सफल भएकी हुन् ।

प्रतियोगितामा छिमेकी मुलुक भारत र नेपालका करिब १ सय ९ जना खेलाडीहरुको सहभागिता रहेको थियो । सिन क्योकोसिन कराँते संघका वरिष्ठ प्रशिक्षण तथा मकवानपुर शाखा प्रमुख किशोर श्रेष्ठले प्रतियोगितामा मुख्य निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो। प्रतियोगितामा ३० केजीभन्दा बढी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा भएको थियो । अन्य खेलाडीहरुको परीक्षा सुरु भएका कारण स्याङ्तानलाई मात्र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराएको श्रेष्ठले बताउनुभयो ।


## मकवानपुर बाल विद्या सदन
हेटौंडा-१८, खड्कुले

डेंगु रोग सम्वन्धि जानकारी तथा यस वाट बँच्ने उपाय



लामखुट्टेको टोकाईवाट सर्ने चार रोगमध्ये डेंगु रोग पनि एक हो । यो एसिड एडिप्टाई नामक लामखुट्टेको टोकाईवाट पर्ने सरुवा रोग हो । पहिलो चरणमा ज्वरो आउने लगायतका लक्षणहरू देखा परे पनि ध्यान नदिए यो रोगको कारण ज्यान समेत जान सक्छ ।

खतराको संकेत (वार्निङ साइन)
- वाकवाकी लाग्ने, निरन्तर वान्ता हुने
- पेट दुख्ने, आलस्य हुने
- दिसा कालो हुनु तथा पिसाव रातो हुनु
- गिजा तथा नाक, मुखवाट रगत आउनु

पहिलो चरणमा देखा पर्ने लक्षणहरू
- उच्च ज्वरो आउनु
- आखाको गेडी दुख्नु तथा हल्का रातो हुनु
- जोर्नी र मांसपेशीमा अत्याधिक पिडा हुनु
- शरीर चिलाउनु(हल्का बिबिरा समेत आउन सक्छ)

डेंगु रोगको उपचार

डेंगु ज्वरो विषाणुको कारणबाट लाग्ने भएकोले यसको वास्तविक रुपमा कुनै किसिमको उपचार छैन । तर बिरामीमा देखिएको लक्षणको आधारमा सिटामोल र प्रशस्त मात्रामा झोलपदार्थ पिउनु पर्दछ । त्यसैले यस्ता लक्षणहरू कुनै पनि व्यक्तिमा देखापर्ने बितिकै डेंगु ज्वरोबाट हुने जटिलताबाट बचाउन तरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ ।

डेंगु ज्वरोबाट बँच्ने उपाय
- लामखुट्टेको टोकाइबाट बच्ने ।
- लामखुट्टेको वृद्धि र विकासमा नियन्त्रण गर्ने ।
- घर, आगन, कोशी/छतको हरहमेशा सरसफाइ गर्ने र पानी जम्न नदिने ।
- खाली बट्टा, टिन, पोखरी, टायर, ट्युब आदीमा पानी जम्न नदिने ।
- पानीको नाली, ढल, पोखरी आदीमा हप्ताको २ पटक डढेको मोबिल, मट्टितेल छर्कने ।
- पानीको ट्याङ्की पुरा खाली गरेर सफा गर्ने ।
- खानेपानीको ट्याङ्की राम्ररी ढकन लगाएर राख्ने ।
- गमला, फुलदानीमा रहेको पानी हप्तामा २ पटक फेर्ने र पानी सुक्न दिने ।



सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community


## नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविति तथा गुण नियन्त्रण कार्यालय
हेटौंडा, मकवानपुर

### सिलबन्दी दरभाउ पत्र छनौट सम्बन्धि सूचना

यस कार्यालयबाट Procurement of Laboratory Equipment का लागि समृद्द राष्ट्रिय दैनिकमा मिति २०८०/०९/२४ मा र पुनः मिति २०८०/१०/१७ मा प्रकाशित सिलबन्दी दरभाउपत्र आवहानको सुचना अनुसार रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरुमध्ये देहाय अनुसारको सिलबन्दी दरभाउ पत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. र विवरण | छनौट भएको सिलबन्दी दरभाउपत्र दाताको नाम | कबोल अंक (मु.अ. कर सहित) |
| --- | --- | --- | --- |
| १. | Procurement of Laboratory Equipment, FTQCOH/SQ/01/080/81 | Laboratory Trade Concern (P.) Ltd., New Baneshwor, Kathmandu | रु. ९,९३,२७०/- |

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः कान्छा बलामीसमेत तीनजना जग्गाधनीः बस बहादुर बलामी

जिल्ला मकवानपुर साविक बज्रवाराही गा.वि.स. वडा नं. ७ हाल थाहा न.पा. १ बस्ने हिरालाल बलामीको नाती बस बहादुर बलामीको छोरा कान्छा बलामी, बुहारीहरु फकली माया बलामी र माहिली बलामीको माग निवेदन फिल्डनुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. टिस्टुङ वार्ड नं ३ बस्ने बस बहादुर बलामीको हो भनी उल्लेख भएको बसबहादुर बलामीको मिति २०४९।०४।१५ मा मृत्यु भएको, निजको एकमात्र श्रीमती नक्कलीमाया बलामीको मिति २०४६।०५।१३ मा मृत्यु भएको निजहरुको हकदारहरु तिन छोराहरु विष्णु बहादुर बलामी, पुर्ण बहादुर बलामी र कान्छा बलामी भएकोमा विष्णु बहादुर बलामीको मिति २०२८।०५।१० मा मृत्यु भएको निजको एकमात्र श्रीमती फकलीमाया बलामी भएको, पुर्ण बहादुर बलामीको मिति २०५६।०२।०७ मा मृत्यु भएको निजको एकमात्र श्रीमती माहिली बलामी भएकोले हाम्रो वाबु/ससुराको नाममा कायम रहेको फिल्डवुक अनुसार टिस्टुङ गा.वि.स वडा नं ३ को कि.नं. ११२ ज.रो १-११-०-० जगगाको पुर्जा प्राप्त नभएकाले हकदार छोरा/बुहारी कान्छा बलामी, फकलीमाया बलामी र माहिली बलामी समेत तिनजनाको संयुक्त नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम क्लुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि.को

### भित्तेपात्रो (क्यालेण्डर) छपाई सम्बन्धी सिलबन्दी बोलपत्र पेश गर्ने बारे सूचना

*सूचना प्रकाशित मितिः २०८०/१२/०५*

यस संस्थाको वित्तीय तथा गैरवित्तीय गतिविधिका कार्यक्रम समावेश गरी २०८१ सालको भित्रेपात्रो (क्यालेण्डर) तपसील बमोजिम छपाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी नवीकरण गरिएको दर्ता प्रमाणपत्र, प्यान/भ्याट प्रमाणपत्र र पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी भ्याट र डिजाइन खर्च समावेश गरेर दरभाउसहितको बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसील**

कागजः १५० ग्राम ।
साइजः १५x२०
४ कलर डिजाइनिङ भएको ।
बाइन्डिङ-पाटा बाइन्डिङ ।
३ पन्ने, ६ पेज ।

**पुनश्चः**
- भित्तेपात्रोको सम्पूर्ण डिजाइन संस्थाले उपलब्ध गराउनेछ ।
- छपाई समग्री प्राप्त भएपछि छपाई गरी भित्तेपात्रो संस्थालाई उपलब्ध गराउने न्यूनतम समय अनिवार्य तोक्नुपर्नेछ ।
- बोलपत्रमा भ्याट, आयकर खर्च समेत अनिवार्य गरिएको दरभाउ उल्लेख गर्नुपर्नेछ ।
- स्वीकृत बोलपत्र पेश गर्ने सरोकारवालासँग सम्झौता गरी छपाई कार्य गरिनेछ । सम्झौता बमोजिम समयमा छपाई नगरे वा तोकिएको गुणस्तर नभएमा सम्झौता रद्द गरी अर्को प्रक्रिया अगाडि बढाउने पूर्णअधिकार यस संस्थामा निहित रहेको छ ।

**प्रकाश बहादुर खनाल**
**कामु व्यवस्थापक**
**सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५, पिप्ले ०५७-५२५९५२**

# जिल्ला खेलकुदका अध्यक्ष खड्गीलाई बिदाई




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको बिदाई गरिएको छ। सोमबार जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा एक कार्यक्रमबीच अध्यक्ष खड्गीलाई सम्मानपत्र प्रदान गर्दै बिदाई गरिएको हो ।

बागमती प्रदेश खेलकुद विकास परिषदबाट २०७८ चैत ४ गते अध्यक्ष पदमा नियुक्त हुनुभएको खड्गीले लगनशील र इमान्दारीका साथ खेलकुदको नेतृत्वसँगै विकासको कार्यमा पुऱ्याएको योगदानको कदर गर्दै समिति तथा अन्य खेल संघहरुले सम्मानपत्र प्रदान गरेका छन् ।

कार्यक्रममा अध्यक्ष खड्गीले मकवानपुर जिल्लामा खेलकुद क्षेत्रमा वार्षिक १० करोड रुपैयाँ खर्च भइरहेको बताउनु भयो। राष्ट्रिय खेलाडीले सम्मान नपाएको र घाइते हुनेहरुले क्षतिपूर्ति र अन्य खर्चहरु नपाएको उहाँले जानकारी दिनुभयो। धेरै खर्च गर्नभन्दा अक्षयकोषमा लगानी गरेमा जीवनमा सबै खेलाडीहरुले भविष्यमा उपयोग गर्न पाउने अपेक्षा गरेर कोषको स्थापना गरेको उहाँको भनाइ छ।

गत पुस ५ गतेदेखि १८ गतेसम्म सम्पन्न खेलकुद तथा व्यापार महोत्सवबाट आएको २० लाख रुपैयाँले अक्षयकोष निर्माण गरेर वार्षिकरुपमा ५० हजार रुपैयाँको दरले १० वर्षसम्म सहयोग गर्ने घोषणा गर्नुभएको छ । अक्षयकोष व्यवस्थापन गरेर खेलाडीहरुका लागि पनि केही गर्ने उद्देश्यले सहयोग गर्न लागेको उहाँले बताउनुभयो ।

२०७९ चैत २७ गतेदेखि बैशाख १ गतेसम्म पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनोट भएका खेलाडीहरु पहिलो पटक १ सातासम्म बन्द प्रशिक्षणमा सहभागी गराएको बताउनुहुँदै १३ औं संस्करणको प्रदेशस्तरीय प्रतियोगितामा जिल्लाले तृतीय स्थान हासिल गर्न सफल भएको बताउनुभयो । गत असारमा १३ औं संस्करणको प्रदेशस्तरीय राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिताको पदक विजेता खेलाडीलाई सम्मान गरिएको उहाँले बताउनुभयो ।

१४ औं संस्करणको प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भएका करिब ९८ खेलाडीहरुलाई हेटौंडा उपमहानगर पालिकाको सहयोगमा १ साता बन्द प्रशिक्षणमा सहभागी गराइएको थियो । यस्तै, विभिन्न संघ, नगरपालिका, गाउँपालिका, वडा तथा क्लबहरुसँग सहकार्यमा प्रदेश खेलकुद विकास परिषदबाट ५ लाख रुपैयाँ बराबरको खेलकुद सामग्री वितरण गरिएको उहाँले बताउनुभयो । यस्तै, एसियन जुनियर तथा युथ बक्सिङ प्रतियोगितामा सहभागी हुने खेलाडी रोशनी घलानलाई ८ हजार रुपैयाँसहित सम्मान गरिएको उहाँले बताउनुभयो ।

खेल क्षेत्रमा लागेपछि व्यक्तिहरुले राम्रो भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । खेलकुद क्षेत्रको विकास गर्नका लागि बजेटलाई चलायमान गर्न, आर्थिक उन्नति गर्न र बजेट राम्ररी व्यवस्थापन गर्न सक्नुपर्ने उहाँले बताउनुभयो । खेलकुद क्षेत्रमा लगानी गर्ने बजेट खेलकुदमा भन्दा अन्य क्षेत्रमा बढी लगानी भएमा खेलकुद क्षेत्रको विकासमा कम टेवा पुग्ने उहाँको भनाइ छ ।

बिदाई कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले आफ्नो कार्यकालभरी खेलकुद क्षेत्रको विकास र विस्तार गर्ने कार्यमा निस्वार्थ भावनाले लागेकोमा खुशी व्यक्त गर्नुभयो । खड्गीको नेतृत्वले मकवानपुर जिल्लाभित्र खेलकुदको धेरै विकास भएको उहाँको भनाई छ ।

कार्यक्रममा पूर्वनगरप्रमुख हरिबहादुर महत, नगर खेलकुदका निवर्तमान अध्यक्ष चन्द्र शाही, जिल्ला खेलकुदका पूर्वअध्यक्ष सानु लामा, वडा-१ का अध्यक्ष सविन न्यौपाने, वडा-२ का अध्यक्ष विष्णुगोपाल महर्जन, वडा-११ का अध्यक्ष जुना दहाल, मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्य र सितोरियो कराँते संघका अध्यक्ष दीपक बहादुरको पनि उपस्थिति रहेको ।

### कैलाश अध्यक्ष कप फुटबल प्रतियोगिता

# उद्घाटन खेलमा वडा नम्बर १० र ४ भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा आयोजना हुने दोस्रो संस्करणको अध्यक्ष कप फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक भएको छ । सोमबार एक कार्यक्रमका बीच आयोजक कैलाश खेलकुद विकास समितिले प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको हो ।

कैलाश-९ स्थित नामटारमा बुधबारबाट सुरु हुने ९ ए साइड प्रतियोगिताको उद्घाटन खेलमा वडा नम्बर १० र ४ भिड्ने भएको छ । वडा नम्बर १० प्रतियोगिताको साविक विजेता हो । विजयी टिमले बिहीबार वडा नम्बर १ सँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताअन्तर्गत् बुधबार नै वडा नम्बर ५ र ९ बीच प्रतिस्पर्धा हुने भएको छ । वडा नम्बर ५ साविकको उपविजेता हो । विजयी टिमले बिहीबार वडा नम्बर ८ सँग प्रतिस्पर्धा गर्नेछ । यस्तै बिहीबारको खेलमा वडा नम्बर २ र ३, ६ र ७ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ ।

नकआउट चरणमा हुने प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ। प्रतियोगिताको विजेता टिमले ७५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, सेमिफाइनलमा पराजित हुने दुई टिमलाई १०-१० हजार रुपैयाँ प्रदान गरिने जनाएको छ । प्रतियोगिताको बुधबार पालिकाका अध्यक्ष लोकबहादुर मोक्तानले उद्घाटन गर्नुहुनेछ।

कैलाश खेलकुद विकास समितिका संयोजक मोहन वाईबाको सभाध्यक्षतामा भएको खेल तालिका सार्वजनिक कार्यक्रममा सदस्यहरु रवीन्द्र थिङ, अशोक स्याङ्तान र एन्फा रेफ्री सन्तोष राईलगायतको उपस्थिति रहेको थियो ।

# कैलाशमा नि:शुल्क आँखा शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः कैलाश गाउँपालिकाको कटुन्जे स्वास्थ्य चौकीमा आज मंगलबार नि:शुल्क आँखा शिविर हुने भएको छ । कैलाश ग्रामीण आँखा उपचार केन्द्रको आयोजनामा बिहान १० बजेबाट नि:शुल्क आँखा परीक्षण शिविर हुन लागेको हो ।

कैलाश गाउँपालिकामा दोस्रो पटक नि:शुल्क आँखा शिविर हुन लागेको हो । गत वर्ष भएको शिविरमा आँखा जाँच गर्दा २१ जनाको आँखामा समस्या देखिएपछि शल्यक्रिया भएको कैलाश गाउँपालिकाको स्वास्थ्य चौकीका प्रमुख आशा गुरुङले जानकारी दिनुभयो। आँखामा समस्या हुन नदिने र समस्या भएकाको राम्रो उपचार सेवा प्रदान गर्ने उद्देश्यले शिविर आयोजना गरेको गुरुङले बताउनुभयो ।

# ४ जना बालश्रमिकको उद्दार

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडाबाट ४ जना बालश्रमिकको उद्दार गरिएको छ । हेटौंडा-८, कमानेस्थित कालिकामाई टोलमा प्रकाश खतिवडाको च्याउ खेतीबाट बालश्रमिकको उद्दार गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडाका बालमैत्री सहजकर्ताको सहयोगमा बालश्रममा संलग्न बालकहरुको उद्दार गरिएको छ । उद्दार कार्यमा बाल हेल्पलाइन नेपाल तथा स्थानीय टोल विकास संस्थाकोसमेत सहभागिता थियो । हेटौंडा-८ का सहजकर्ता रोजिता दङ्गाल, हेटौंडा-७ का सहजकर्ता बिवेक अधिकारी, हेटौंडा-१ का सहजकर्ता कृष्टिना मैनाली, १ न वडाको जनप्रतिनिधि मनु दाहाल, कालिकामाई टोलको निलगिरी बाल समूह संरक्षक अभिभावक भीमसेन घिमिरे, इशान रुपाखेती, बाल हेल्पलाइन मकवानपुरको सहयोगमा उद्दार गरिएको बताइएको छ ।

उद्दार गरिएकोमा हेटौंडा-१५, रातोमाटे बस्ने अनिल बल, नकौली बस्ने रजित भोम्जन, रमित पाखिन र अजय स्याङ्तान रहेका छन्। उनीहरुलाई अहिले बाल हेल्पलाइनमा राखिएको छ भने परिवारको खोजी कार्य हुँदैछ ।

रोजगारदातालाई मंगलबार श्रम कार्यालय झिकाई बालबालिकालाई बालश्रममा लगाएबापत उचित कानुनी कारबाही हुने बाल हेल्पलाइनका संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो । सबै बालबालिका सिबिन बाल हेल्पलाइन मकवानपुरको संरक्षणमा राखिएको र परिवार पत्ता लगाएपछि पारिवारिक पुन:स्थापना गर्ने र विद्यालयको शिक्षामा जोड दिन पहल गर्ने सहजकर्ताले जानकारी दिनुभयो ।

# एकैदिन ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको छ । बागमती प्रदेशको नुवाकोट, चितवन र सिन्धुलीमा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाको सूर्यगढी गाउँपालिका-१, लच्याङजोङमा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३८ वर्षीय जित बहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। आइतबार तामाङ आफ्नै घरदेखि ३ सय ५० मिटर उत्तर पर्ने आफ्नै बारीमा रहेको सिरिसको रुखको हाँगामा राखिएको कोदोको नल निकाल्ने क्रममा रुखको हाँगा भाँचिन गई रुखबाट खस्दा घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको रत्ननगर नगर पालिका-१२, सालघारीमा एकजना मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा गोरखा जिल्ला सिरानचोक घर भई हाल सालघारी बस्दै आएकी ८४ वर्षीया मन कुमारी पोखेल रहेको प्रहरीले जानकारी दिएको छ। ४२ वर्षदेखि जिरौनास्थित कृष्ण मन्दिरको आश्रममा बस्दै आएकी र मानसिक अवस्था ठिक नभएको पोखेल आइतबार बिहान ८ बजेको समयमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-१, तीनतले पाखामा रुख काट्ने क्रममा हाँगाले लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कमलामाई नगरपालिका-५, सिलामे बस्ने ३२ वर्षीय लोकनारायण श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार घागर ठाकुर सामुदायिक वनमा वनको ठेक्का लागेको चिलाउने रुख काट्ने क्रममा रुखको हाँगा उछिट्टिएर श्रेष्ठको टाउकोमा लाग्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# फागुन महिनामा २२४ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः फागुन महिनामा हेटौंडाका २ सय २४ जनाले रक्तदान गरेका छन् । फागुन महिनामा विभिन्न संघसंस्थाले गरेको रक्तदान कार्यक्रममा सहभागी भएर तथा रक्तसञ्चार केन्द्रमा नै गएर रक्तदान गरेका हुन् ।

फागुन एक महिनामा ५७ जना महिला र १ सय ६७ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णुप्रसाद रिमालले जानकारी दिनुभयो। हेटौंडा-१ स्थित रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा विभिन्न संघसंस्थाले रक्तदान कार्यक्रम गर्दै आएका छन् ।

फागुन महिनामा ८ वटा संस्थाले रक्तदान कार्यक्रम आयोजना गरेका थिए । फागुन ६ गते रोटरी क्लब अफ हेटौंडाले रक्तदान कार्यक्रम गरेको थियो। यस्तै, ७ गते मनकामना टोल विकास संस्था, १२ गते हेटौंडा-७ स्थित नेपाल तरुण दल र १५ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा अखिल नेपाल महिला संघ जिल्ला समिति मकवानपुरले रक्तदान कार्यक्रम गरेको हो। यसतै, फागुन २३ गते चुरेशिखर कृषि सहकारी संस्था लिमिटेड र २६ गते नेपाल स्वयम्सेवी रक्तदाता समाज हेटौंडाको आयोजनामा रक्तदान कार्यक्रम भएको थियो ।

फागुन महिनामा रक्तदान गरेका २ सय २४ जनामध्ये ३१ जनाले केन्द्रमै पुगेर रक्तदान गरेको रिमालले जानकारी दिनुभयो । केन्द्रले संकलन गरेकोमध्ये धेरै रगत हेटौंडा अस्पतालमा वितरण गरेको छ । रिमालका अनुसार अहिलेको समयमा एबी पोजेटिभ रगतको अभाव रहेको छ । रक्तसञ्चार केन्द्रमा दैनिक ७-८ जना ब्लड ग्रुप जाँच गर्न आउने गरेका छन् ।

# मनहरीमा वेवारिसे शव फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा एक जना वेवारिसे अवस्थामा मृत फेला परेका छन्। सोमबार दिउँसो १२ बजे मनहरी-९, रजैयास्थित चौधमाइल कालिका सामुदायिक वनमा एक जना करिब ४१ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको हो।

मृत फेला परेका पुरुषको हालसम्म सनाखत भइनसकेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले बताउनुभयो । मृत पुरुषको शव मुचुल्कापश्चात् पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याएर थप अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो ।

निशूल्क स्वास्थ्य शिविरसम्बन्धी

उपयोगी सहश्राव्दी बचत तथा ऋण सहकारी संस्था लि. सूचना

यस सहकारी संस्थाको चौथो वार्षिकोत्सवको अवसरमा तपसील बमोजिम निशूल्क दन्त स्वास्थ्य शिविरको आयोजना गरिएको हुँदा सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई शिविरमा सहभागी भई स्वास्थ्य परीक्षण गरी लाभ लिनुहुन अनुरोध गरिन्छ ।

**तपसील**
मितिः २०८० चैत १७ गते शनिबार
समयः बिहान ९ बजेदेखि
स्थानः हेटौंडा-११, थानाभऱ्याङ (सहकारीको केन्द्रीय कार्यालय)

**दिनेश विडारी, अध्यक्ष**
**उपयोगी सहश्राव्दी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-११, मकवानपुर**

**हार्दिक अनुरोध**

नेपाल निर्माण व्यवसायी महासंघको २५औं साधारणसभा यही मिति २०८० साल चैत्र १६ र १७ गतेका दिन निर्माण व्यवसायी संघ मकवानपुर सह-आयोजक हुने गरी सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको प्रमुख आतिथ्यमा बागमती प्रदेशको राजधानी हेटौंडाको रोयल प्यालेसमा सम्पन्न हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । देशभरका निर्माण व्यवसायीको सहभागिता रहने साधारणसभालाई सौहार्द्ध वातावरणमा सम्पन्न गर्न, गराउन सम्पूर्ण व्यवसायी, मकवानपुरवासीलाई साथ, सहयोग र सहकार्यका लागि आग्रह गर्दछौं । साधारणसभाबाट मकवानपुर जिल्लाको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने अपेक्षा लिएका छौं ।

**राजेन्द्रप्रसाद चौलागाई**
**महासचिव**
**निर्माण व्यवसायी संघ मकवानपुर**

**हार्दिक बधाई**



शिक्षक सेवा आयोगले लिएको परीक्षामा सहभागी भई प्राथमिक तहमा पहिलो नम्बरमा नाम निकाल्न सफल भुटनदेवी माविबाट १२ कक्षा उत्तीर्ण **रूपा नेपाल**लाई हार्दिक बधाई ज्ञापन गर्दै शिक्षण सेवामा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**माधवप्रसाद दाहाल, प्रधानाध्यापक**
**एवम् भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार**
**हेटौंडा-४, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ